# कैलाली जिल्ला अदालत

# कैलाली

सूचना।　　　　सूचना।।　　　　सूचना।।।

कोरोना भाइरस (कोभिड-१९) को नयाँ भेरियन्ट बिश्वव्यापि रुपमा फैलिरहेको र नेपलामा पनि त्यसको संक्रमण तिब्र गतिमा बढिरहेको सन्दर्भमा कोभिड-१९ को संक्रमणको हिसाबले कैलाली जिल्ला उच्च जोखिममा मानिएको तथ्यलाई मध्यनजर गर्दै त्यसको रोकथाम तथा नियन्त्रणका लागी कैलाली जिल्ला प्रशासन कार्यालयबाट कैलाली जिल्ला भरी मिति २०७८।१।१६ गते बिहान ६.०० बजेबाट लागू हुने गरी निषेधाज्ञाको आदेश जारी गरीएको कारण उक्त अवधिमा सर्वसाधारणको आवागमनमा असहजताको अवस्था सिर्जना भई यस अदालतका कामकारवाही र सम्पादन हुने सेवा प्रवाह समेत प्रभावित हुने भएकोले मिति २०७८।०१।१५ गते बसेको यस अदालतको पुर्ण बैठकबाट बार एशोसियसन कैलाली तथा जिल्ला सरकारी वकिल कार्यालय कैलाली समेतको परामर्शमा निषेधाज्ञाको अवधिभर अर्थात मिति २०७८।१।१६ गते देखि निषेधाज्ञा आदेश खारेज नभएसम्म बन्दीप्रत्यक्षीकरणको निबेदन लगायत अभियोगपत्र दर्ता, अभियोग साथ उपस्थित गराएका अभियुक्तहरुको थुनछेक आदेश र सो सम्बन्धी सुनुवाई, म्याद थप, पक्राउ पुर्जी, जरुरी पक्राउ पुर्जी जस्ता अति आवश्यक सेवा बाहेकका अन्य कामकारवाही र सेवा स्थगन गर्ने निर्णय गरियो। कामकारवाही तथा सेवा प्रवाह स्थगन भएका अवधिका मुद्दा तथा रिट निबेदनहरुमा रहेका हदम्याद, म्याद, तारेख नगुज्रिने गरी व्यवस्थापन गर्ने र अन्य व्यवस्थापकीय पक्षहरु अदालत प्रशासनले मिलाउने समेत निर्णय गरिएको व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागी अनुरोध छ।